Volume 5

Annex 5.62C: Visuals of the Major Extension Activities of MUSOM.



# आमाघरलाई मुसुमको सहयोग

- साझा बिसौनी संवाददाता
  सुर्खेत, ६ पुस ।

मध्यपश्चिमाञ्चल विश्व-विद्यालय स्कूल अफ म्यानेजमेन्ट (मुसुमले) सुर्खेतले आमाघरमा रहेका बालबालिकाहरूलाई सहयोग गरेको छ । आमाघरको आश्रयमा रहेका आठ जना बालबालिकाहरूलाई ज्याकेट र खाद्यान्न सहयोग गरिएको मुसुम विद्यार्थी कल्याण परिषद्का वीरेन्द्रविक्रम लामाले बताए।

आइतवार मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्कूल अफ म्यानेजमेन्टका निर्देशक डा. सुशीलकुमार शाहीले सामग्री हस्तान्तरण गरेका हुन् । आमाघरका प्रतिनिधि अनिल ढकाललाई सामग्री हस्तान्तरण गरिएको हो ।

सामग्री हस्तान्तरण कार्यक्रममा बोल्दै निर्देशक शाहीले विश्वविद्यालयले अध्यापनको मात्रै काम नगरी सामाजिक सेवाको समेत काम गर्ने बताए । उनले अझै पनि समाजमा गरिबीमा पिल्सिएको बस्तीमा गई प्राथमिक स्वास्थ्य शिविरहरू सञ्चालनमा ल्याउने उद्देश्य बोकेको जानकारी दिए।

त्यस्तै आमाघरका अनिल ढकालले नशा सेवन गरी सडकमा आतङ्क मच्चाउँदै हिँडका बालकहरूलाई संरक्षणमा राखेको भए पनि सरकारको तर्फबाट कुनै सहयोग नपाएको बताए । उनले अझै पनि वीरेन्द्रनगरको सडकमा ६० देखि ७० को हाराहारीमा बालबालिकाहरू रहेको बताए । लागुऔषध प्रयोग गर्ने युवाहरूले बालकहरूलाई आर्थिक संकलनमा प्रयोग गरेको पाइएको उनले बताए । यसमा सबै सचेत हुनुपर्ने उनको भनाइ छ।

https://www.facebook.com/photo.php?fbid=2689975611082216&set=a.347352372011230&type=3&theater